# लोक सेवा आयोग

## (सूचना तथा प्रकाशन शाखा)

कमलपोखरी, काठमाडौं

-

**सूचना नं. ११९७/२०८१-८२, मिति-२०८२/०१/१५**

## नेपाल परराष्ट्र सेवा, रा.प.द्वितीय श्रेणी, उपसचिव वा सो सरह पदको बढुवा सूचना र आ.प्र. तथा खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन बमोजिमका कार्यहरु सूचारु गरिएको सूचना

आयोगबाट मिति २०८१/०६/३० मा प्रकाशित नेपाल परराष्ट्र सेवा, रा.प.द्वितीय श्रेणी, उपसचिव वा सो सरह पदको देहायका बढुवा सूचना तथा आ.प्र/खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापनको दरखास्त संकलन समेतका कार्यहरु सम्मानित सर्वोच्च अदालतको मिति २०८१/०७/०७ को आदेश बमोजिम आयोगको मिति २०८१/०७/१३ को निर्णय अनुसार स्थगित गरिएकोमा सम्मानित सर्वोच्च अदालत, मुद्दा तथा रिट महाशाखाबाट मिति २०८२/०१/०८ मा मुद्दा नं. **०८१-WO-०४५३** (हाल **०८१-WF-००१२** कायम भएको) मुद्दामा "यसमा रिट निवेदक एशु बस्नेतसमेत विरूद्ध विपक्षी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेत भएको **०८१-WF-००१२** को उत्प्रेषण समेत मुद्दा यस अदालतको पूर्ण इजलासबाट मिति २०८२/०१/०४ मा खारेज हुने ठहरी फैसला भएको रेकर्डबाट देखिएको र सो फैसलाको पूर्ण पाठ तयार हुने क्रममा रहेको बेहोरा अनुरोध गरिन्छ" भनी सम्बन्धित इजलास अधिकृतबाट लेखी आएकोले सोही बेहोरा जानकारीका लागि अनुरोध छ भनी उल्लेख भई आएकोले सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम पूर्णपाठ प्राप्त हुँदा अन्यथा देखिएमा सोही बमोजिम हुने गरी स्थगित बढुवा सूचना तथा विज्ञापन सम्बन्धी कार्यहरु आयोगको मिति २०८२/०१/१५ को निर्णयानुसार देहायबमोजिम गर्ने गरी सूचारु गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. आ.प्र., खुला तथा समावेशीतर्फका विज्ञापनहरूमा दरखास्त दिन पाउने अवधि मिति २०८१/०६/३० देखि मिति २०८१/०७/२० गतेसम्म रहेकोमा विज्ञापन स्थगन भएको मिति २०८१/०७/१३ देखि बाँकी रहेको ८ दिन र दोब्बर दस्तुरका लागि थप ७ दिन समेत गरी जम्मा १५ दिन अवधि बाँकी रहेको तथा बढुवातर्फ मिति २०८१/०६/३० देखि मिति २०८१/०८/०४ गतेसम्म दरखास्त पेश गर्न पाउने अवधि रहेकोमा २२ दिन अवधि बाँकी रहेकोले देहायका विज्ञापन तथा बढुवा सूचना बमोजिमका पदमा दरखास्त पेश गर्न इच्छुक उम्मेद्वारहरुलाई देहाय बमोजिमको अवधिभित्र दरखास्त पेश गर्न आह्वान गर्ने:

| सूचना नं. | बढुवा सूचना नम्बर/विज्ञापन नम्बर | सेवा | श्रेणी | किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| ४०६/०८१-८२ | २३/०८१-८२ | परराष्ट्र | रा.प. द्वितीय | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | १५(पन्ध्र) |
| ४०७/०८१-८२ | ७५/०८१-८२ | परराष्ट्र | रा.प. द्वितीय | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | १४ (चौध) |
| ४०८/०८१-८२ | १६६६७ /०८१-८२ | परराष्ट्र | रा.प. द्वितीय | आ.प्र | ८ (आठ) |
| | १६६७९/०८१-८२ | परराष्ट्र | रा.प. द्वितीय | खुला | २ (दुई) |
| | १६६८०/०८१-८२ | परराष्ट्र | रा.प. द्वितीय | महिला | १ (एक) |
| | १६६८१/०८१-८२ | परराष्ट्र | रा.प. द्वितीय | आ.ज. | १ (एक) |

क. आ.प्र. र खुला तथा समावेशी विज्ञापनतर्फ दरखास्तको अवधि मिति २०८२/०१/२२ सम्म र दोब्बर दस्तुर तिरी दरखास्त दिने अवधि मिति २०८२/०१/२९ सम्म कायम गर्ने।

ख. जेष्ठता तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा दरखास्त दिने अवधि मिति २०८२/०२/०५ सम्म कायम गर्ने।

२. साविकमा दरखास्त पेश गरिसकेका उम्मेद्वारहरुको दरखास्त कायमै राख्ने।

३. दरखास्त फारम पेश गर्ने उम्मेद्वारहरुको शैक्षिक योग्यता, अनुभव, सेवा अवधि, दरखास्त फारम पेश गर्ने स्थान तथा कार्यविधिलगायत सम्पूर्ण शर्तहरु साविक मिति २०८१/०६/३० मा प्रकाशित विज्ञापन सूचना नम्बर ४०६/०८१-८२, ४०७/०८१-८२ र ४०८/०८१-८२ मा उल्लेख भएबमोजिम नै हुने गरी कायम गर्ने।

४. लिखित परीक्षा कार्यक्रम देहायबमोजिम सञ्चालन गर्नेः

| क्र.सं. | विज्ञापन नम्बर | सेवा | किसिम | लिखित परीक्षा कार्यक्रम<br>समय : दिनको २:०० बजेदेखि | |
|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | १६६६७/०८१-८२ | परराष्ट्र | आ.प्र. | २०८२/०२/२५ | २०८२/०२/२६ |
| २. | १६६७९-८१/०८१-८२ | परराष्ट्र | खुला तथा समावेशी | २०८२/०२/२७ | २०८२/०२/२८ |